# नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका

# स्थानीय राजपत्र

## खण्ड ५, संख्याः ३०, चैत्र ७ गते, २०७८ साल

व्यास नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम आम नागरिकको जानकारीका लागि प्रकाशन गरिएको छ ।


# भाग २

## व्यास नगरपालिका आलु, लसुन, प्याज पकेट क्षेत्र बीउ वितरण कार्यविधि, २०७८

कार्यपालिकाबाट स्वीकृत मितिः २०७८।७।७

**<u>प्रस्तावना</u>** : व्यास नगरपालिका क्षेत्रभित्र बाली विशेषका लागि न्यूनतम क्षेत्रफल पुरा गरी पकेट क्षेत्रको रुपमा विकास गर्ने गरी उत्पादनमा वृद्धि गर्न वाञ्छनीय भएकोले व्यास नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ (१) ले दिएको अधिकार प्रयोग गरी व्यास नगरपालिका नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस कार्यविधिको नाम “व्यास नगरपालिका आलु, लसुन, प्याज पकेट बिउ वितरण कार्यविधि,२०७८ रहेको छ ।

(२) यो कार्यविधि व्यास नगरपालिका क्षेत्रभर लागु हुनेछ ।

(३) यो कार्यविधि व्यास नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागु हुनेछ ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) “अनुगमन तथा मूल्यांकन समिति” भन्नाले सम्बन्धित शाखा तथा उपशाखा प्रमुख सहितको नगरपालिका कार्यालयमा रहेको अनुगमन तथा मूल्यांकन समिति सम्झनु पर्छ ।

(ख) “पकेट क्षेत्र” भन्नाले बाली विशेषका लागि तोकिएको न्यूनत्तम क्षेत्रफल पुरा गरी उत्पादनको प्राथमिकता इकाइको रुपमा रहेका व्यवसायिका कृषि उत्पादन केन्द्रलाई सम्झनु पर्छ ।

(ग) “नगरपालिका” भन्नाले व्यास नगरपालिका सम्झनु पर्छ ।

(घ) “समिति” भन्नाले दफा १० (१) बमोजिम गठित पकेट क्षेत्र सञ्चालन समन्वय समिति सम्झनु पर्छ ।

३. **उद्देश्यः** यस कार्यक्रमको उद्देश्य पकेटमा समावेश गरिएका बालीको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने रहने छ :

४. **पकेट क्षेत्र निर्माणः** पकेट क्षेत्र कार्यक्रम सञ्चालन गर्न चाहने कृषि फर्म/समूह/सहकारी/समितिले भौगोलिक तथा प्राविधिक सम्भाव्यताको आधारमा व्यास नगरपालिकाद्वारा प्रकाशन गरिएको सूचना अनुसार निवेदन दिन सक्नेछन् । पकेट सञ्चालनका लागी निम्न बमोजिमको क्षेत्रफलमा खेती गर्नु पर्नेछ ।

| बाली | ईकाई | क्षेत्रफल | न्यूनतम पकेट क्षेत्र संख्या | कैफियत |
|---|---|---|---|---|
| आलु | रोपनी | १०० | २ | न्यूनत्तम |
| लसुन | रोपनी | २० | १ | न्यूनत्तम |
| प्याज | रोपनी | ४० | २ | न्यूनत्तम |

५. **पकेट कार्यक्रम सञ्चालन प्रक्रियाः**

(क) स्वीकृत वार्षिक कार्यक्रम बमोजिम कम्तिमा ७ देखि १५ दिनसम्मको सार्वजनिक सूचना जारी गरी प्रत्येक वडा कार्यालयहरुमा समेत सूचना टाँस गर्ने गरी प्रस्ताव आव्हान गरिने छ ।

(ख) सम्भाव्यताको आधारमा पकेट क्षेत्र सञ्चालन गर्न इच्छुक समुदाय/वर्गले नगरपालिकाले प्रकाशन गरेको सूचना बमोजिम निवेदन पेश गर्नु पर्नेछ । रित नपुगी वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु उपर कुनै कारवाही हुने छैन ।

(ग) नगरपालिकाको पकेट क्षेत्र प्राविधिक समितिले रितपूर्वक प्राप्त निवेदनलाई मुल्याङ्कन गरी अनुसूची १ अनुसार पकेट क्षेत्र छनौट गर्नेछ ।

(घ) पकेट क्षेत्रका लागी बिउ बिजन नगरपालिकाद्वारा खरिद गरिने छ वा नगरपालिकाको अनुमति लिई नगरपालिकाको खरिद प्रकृया बमोजिम समितिले स्वंय बिउ खरिद गरी भुक्तानीका लागी नगरपालिकामा पेश गर्न सक्नेछ ।

६. **अनुगमन तथा मूल्याङ्कनः** पकेट क्षेत्र सञ्चालन गर्ने मुख्य जिम्मेवारी नगरपालिकाको हुनेछ । नगरपालिकामा रहेको अनुगमन तथा मूल्यांकन समितिद्वारा सूचना अनुसार प्राप्त निवेदन उपर आवश्यकता अनुसार स्थलगत रुपमा नै अनुगमन तथा मूल्याङ्कन गर्न सक्नेछ । पकेट क्षेत्रको लागी वितरण गरिएको बिउबाट बेर्ना उत्पादन गर्ने बालीको सबै उत्पादित बेर्नाहरु पकेट क्षेत्र अर्न्तगत नै रोप्नु पर्नेछ र अन्यत्र बिक्री वितरण गर्न

पाइने छैन । नगरपालिकाले पकेट क्षेत्र कार्यक्रम अन्तर्गत सञ्चालित कार्यक्रमहरु र क्रियाकलापहरुको अनुगमन तथा मूल्याङ्कन गर्नेछ ।

**७. पकेट क्षेत्रका लागी उपलब्ध सुविधाहरुः**

(क) प्राविधिक समितिबाट छनौट भएका पकेटका लागी आलु, लसुन, प्याजको बीउ वितरणमा ५० प्रतिशत अनुदान प्रदान गरिने छ ।

(ख) कार्यक्रममा विनियोजित रकम बाँकी रहेमा बाली संरक्षण सामग्री, प्राङ्गारिक मल, सुक्ष्म तत्व वितरण लगायतका बाली तथा कृषि सामग्रीमा खर्च गर्न सकिने छ ।

**८. आर्थिक पक्षः** (१) पकेट क्षेत्रका लागि बिउ खरिद तथा वितरणका लागी प्रति पकेट निम्न अनुसार खर्च गर्न सकिने छः

(क) आलुको बीउ खरिद तथा वितरणका लागी रु.४,५०,०००। देखि ५,००,०००। सम्म,

(ख) लसुनको बीउ खरिद तथा वितरणका लागी रु.१,७५,०००। देखि २,२५,०००। सम्म,

(ग) प्याजको बीउ खरिद तथा वितरणका लागी रु.४५,०००। देखि ६५,०००। सम्म,

**९. प्राविधिक पक्षः** (१) पकेट बीउ वितरणका लागी प्रति रोपनी निम्न परिमाणको बीउ प्रदान गरिन्छ ।

(क) आलुको लागी प्रति रोपनी १०० के.जी.

(ख) लसुनको लागी प्रति रोपनी ५० के.जी

(ग) प्याजको लागी प्रति रोपनी ०.५ के.जी.

**१०. पकेट क्षेत्र सञ्चालन समन्वय समितिः** (१) पकेट क्षेत्र कार्यक्रममा सहजीकरण गर्न लाभग्राहीको प्रतिनिधित्व गरेर पकेट क्षेत्र सञ्चालन समिति गठन गर्नु पर्नेछ । पकेट क्षेत्र कार्यक्रममा संलग्न कृषकहरुको प्रतिनिधित्व हुने गरी एक पकेट क्षेत्रबाट कम्तिमा एक जनाका दरले दुई जना महिला सहित बढिमा पाँच जनासम्मको पकेट क्षेत्र सञ्चलन समन्वय समिति गठन गरिने छ । उक्त समितिमा रहेका पाँच जना सदस्य मध्येबाट निजहरुले नै छनोट गरेको व्यक्ति संयोजकमा रहेन छ । यस समितिको पदावधि १ आर्थिक वर्षको हुनेछ ।

(२) पकेट क्षेत्र सञ्चालन समन्वय समितिको भूमिका देहाय बमोजिम हुनेछः

(क) पकेट क्षेत्रमा भएका विद्यमान प्रविधि र पूर्वाधारहरुको अभिलेख गर्न सहजीकरण गर्ने,

(ख) पकेट अन्तर्गत सञ्चालन हुने कार्यक्रमहरुमा नगरपालिकालाई सहजीकरण गर्ने ।

(ग) नगरपालिकासँग समन्वय र सहकार्य गर्ने ।

(घ) माथि उल्लेखित (क), (ख) र (ग) वाहेक अन्य कुराहरु नेपाल सरकारको नियम कानुन अनुसार हुनेछ ।

## अनुसुची १

(दफा ५ (ग) सँग सम्बन्धित)

पकेट क्षेत्र छनौट प्रक्रियाका लागी निम्न बमोजिमको मूल्याङ्कन आधार प्रयोग गर्न सकिने छः

१. पकेट क्षेत्र कार्यक्रमको क्षेत्रका लाभान्वित वर्ग,

२. पकेट क्षेत्र प्रस्तावित कार्यले समेट्ने क्षेत्रफल,

३. पकेट क्षेत्र प्रस्तावित कार्यले उत्पादन वृद्धि र बजारीकरण पुग्ने सहयोग,

४. पकेट क्षेत्र प्रस्तावित कार्यले सृजना गर्ने रोजगारीको अवसर,

५. पकेट क्षेत्र प्रस्तावित बालीको भौगोलिक एवं प्राविधिक उपयोगिता,

६. अनुदान र सहयोगको पहुँच कम भएका लागी,

७. तालिम प्राप्त गरिसकेको र विगतमा व्यवसाय सञ्चालन गरेको,

८. दलित, जनजाती तथा पिछडिएका वर्गलाई प्राथमिकता ।

आज्ञाले<br>
डिल्लीराम सिग्देल<br>
प्रमुख प्रशासकीय अधिकृत